बेलबारी नगरपालिका
BELBARI MUNICIPALITY
नगर कार्यपालिकाको कार्यालय
OFFICE OF THE MUNICIPAL EXECUTIVE
बेलबारी, मोरङ
BELBARI, MORANG
कोशी प्रदेश, नेपाल
( KOSHI PROVINCE , NEPAL)

☎ ०२१-४३४२५९
०२१-४३४२१३

प.सं. २०७९/०८०
च.नं. ५०३३

मिति: २०८०/०३/३१

विषयः निर्देशन सम्बन्धमा ।

श्री सबै वडा कार्यालयका कर्मचारीहरु ,
बेलबारी नगरपालिका,
बेलबारी, मोरङ ।

प्रस्तुत विषयमा वडामा कर्यरत सबै कर्मचारीहरुलाई मिति २०८०/३/३१ को निर्णयका आधारमा देहाय बमोजिम गर्न / गराउनु हुन निर्देशन प्रदान गरिन्छ ।

**देहाय/( निर्देशन):-**

१. सचिवले प्रमुख प्रशासकीय अधिकृत वा तोकिएको अधिकृतको पत्यक्ष निर्देशनमा कामकाज गर्ने ।
२. सचिवले कार्य गर्दा स्थापित विधि,कानुन र पालिकाको निर्णयका आधारमा वडा अध्यक्ष/वडा समितिको कानुन बमोजिमका निर्णय कार्यान्वयन गर्ने ।
३. वडा सचिवले आफू मातहतका कर्मचारीहरुको प्रशासनिक नियन्त्रण गर्ने ।
४. वडा सचिवले वडाको कार्यसम्पादन गर्नका लागि उपलब्ध कर्मचारीहरुलाई थप जिम्मेवारी तोक्ने, नियमित कामको सुपरिवेक्षण गर्ने र आफू मातहतका कर्मचारी हरुको कार्य गर्ने /व्यवहार गर्ने, तौर/ तरीका प्रकृयाका सम्बन्धमा प्र.प्र.अ. वा मातहतको अधिकृतलाई प्रतिवेदन गर्ने ।
५. वडाका सहायस्तरका सबै (वडा सचिव बाहेक) कर्मचारीहरुले वडा सचिवको पूर्ण निर्देशनमा रहि कामकाज गर्न / यसरी कार्य गर्दा वडा सचिवले थप जिम्मेवारी प्रदान गरेमा पालना गर्ने ।
६. वडामा कामकाज गर्ने सम्बन्धमा द्विविधा उत्पन्न भएमा पालिकामा समन्वय गर्ने
७. आ-आफ्नो वडाका लागि स्विकृत बजेट कार्यान्वयनका तालिका निर्माण गरि कार्य गर्नका लागि नेतृत्वलाई थप सहयोग / सहजिकरण गर्ने ।
८. वडाका कर्मचारीहरुको मासिक बैठक बसी निर्देशन सम्बनधमा सबै कर्मचारीलाई जानकारी गराउने ।

गणेशराज कार्की
प्रमुख प्रशासकीय अधिकृत

बोधार्थ
श्रीमान् नगर प्रमुख/उप-प्रमुख ज्यू: आवश्यक जानकारीको लागि ।
श्रीमान् वडा अध्यक्ष ज्यूहरु सबै, बेलबारी नगरपालिका ।
श्री आर्थिक प्रशासन शाखा बेलबारी नगरपालिका ।
श्री राजश्व उप-शाखा, बेलबारी नगरपालिका ।
श्री सूचना प्रविधि उप-शाखा, बेलबारी नगरपालिकाः ई -मेल मार्फत जानकारी गराउनु हुन ।